# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## डुङ्गेश्वर गाउँपालिका
## दैलेख

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## डुङ्गेश्वर गाउँपालिका
## दैलेख

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## डुङ्गेश्वर गाउँपालिका
## दैलेख

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. १०३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

डुंगेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दैलेख ।

१. **कैफियत सहितको राय** – हामीले डुंगेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६८ लाख ९५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया पेश नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२४ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.२९ लाख ५७ हजार र पेश्की बाँकी रु.७ लाख २४ हजार समेत रु.६८ लाख ९५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१८ करोड ५७ लाख १० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ५० लाख ६० हजार रहेको छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने डुंगेश्वर गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी डुंगेश्वर गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

डुंगेश्वर गाउँपालिका,

दैलेख ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६६ | ८३ | ६८९५ | ० | ० | ० | ६६ | ८३ | ६८९५ | ७३० | २९५७ | २४८४ | ० | ० | ५४४१ | ७२४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | १८५७१० | ० | २७५४५ | १५८१६२ | ० | ६८९५ | १६५०६० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | नाम्स अनुसार | नाम्स अनुसार | २७५४५ |
| | कुल जम्मा | | | २७५४५ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा, १०५.१९ वर्ग किलोमिटर क्षेत्रफल तथा १५८८३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।१६ देखि २०८०।९।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार गरी जम्मा रु. ९४,६०,७९,०८१/- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४०,९७९।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | नवजात शिशु कार्यक्रम डाडापराजुल | १३१४१ |
| २ | नवजात शिशु कार्यक्रम अवलपराजुल | ६६७८ |
| ३ | ईन्धन नगेन्द्र ब बुढा | २६८० |
| ४ | अग्रिम कर | १८४८० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय सञ्चित कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयताआन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

---

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राती र भुक्तानी विवरण | | |
|---|---|---|
| विवरण | बजेट | यथार्थ |
| प्राप्ती (क+ख) | ४५५४३४००३ | ४०८६२७३३० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ४३५५७४०७९ | ३८२००३३५० |
| कर | ७५८८८०७९ | ६१९७७५७० |
| अनुदान | ३४१८८६००० | ३१८६२२९८९ |
| संघीय सरकार | ३०००१८००० | २८४९५८०७५ |

| | | |
|---|---|---|
| प्रदेश सरकार | ४१८६८००० | ३३६६४९१४ |
| अन्य राजस्व | २५००००० | १४०२७९२ |
| वित्तीय सम्पत्ति | १५३००००० | ० |
| ख. अन्य प्राप्ति | १९८५९९२४ | २६६२३९७९ |
| कोषहरु | १९८५९९२४ | २२७९३८३८ |
| धरौटी | ० | ३८३०१४२ |
| भुक्तानी (ग+घ) | ४५५४३४००३ | ३८१५१५३१४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४३५५७४०७९ | ३६०९४००५८ |
| पारिश्रमिक / सुविधा | २२४८६८००० | १९३९०७५४९ |
| मालसामान तथा सेवाको उपयोग | ८१८८००७९ | ६७७३६४८० |
| अनुदान | ७७५००० | ० |
| सामाजिक सुरक्षा | ५२४०००० | ४७५४४४० |
| अन्य खर्च | ९५७००० | ९४६०९७ |
| गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १२१८५४००० | ९३५९५४९१ |
| घ. अन्य भूक्तानी | १९८५९९२४ | २०५७५२५७ |
| कोषहरु | १९८५९९२४ | १९३९३५५८ |
| धरौटी | ० | १५९५८८५ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -४१४१८७ |
| ङ. यो वर्षको बचत (न्युन) | | २७११२०१६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५३९६३२७२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ८१०७५२८७ |
| बैंक तथा नगद बाकी | | ७९८६७१४४ |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३३६००१०२३ | गरिबसँग विश्वेश्वेर कार्यक्रम | ४६५००० | ४६३००० | ४६३००० |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ७२९४८००० | ७२७४९६३५ | ७२७४९६३५ |
| ३४७०२१०७४ | स्थानीय तह प्रशासकीय भवन | ९०००००० | ९०००००० | ९०००००० |
| जम्मा रु | | ८२४१३००० | ८२२१२६३५ | ८२२१२६३५ |

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनगर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,२७,४९,६३५/-, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४,६३,०००/- र स्थानीय तह प्रशासनकीय भवनको रु.९०,००,०००/- समेत गरी रु.८,२२,१२,६३५/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.३,७४,२०,२५५/५९ यस वर्षको प्राप्ति रु.७,७९,६८,२१८/७८ यस वर्षको भुक्तानी रु.८,२६,२६,८२१/६७ र बैङ्क मौज्दात रु.४,२०,७८,८५८/४८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | १,६५,४३,०१६/०२ | ४८,६५,९५,५४८/६ | ४६,४१,४२,१३५/८५ | ३,८९,९६,४२८/७७ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ५,३९,६३,२७१/६१ | ४०,८६,२७,३२९/८२ | ३८,१५,१५,३१४/१८ | ८,१०,७५,२८७/२५ |

| | | | | |
|---|---|---|---|---|
| फरक | ३,७४,२०,२५५/५९ | ७,७९,६८,२१८/७८ | ८,२६,२६,८२१/६७ | ४,२०,७८,८५८/४८ |

२.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) अनुसार गत वर्षको अन्तिम मौज्दात रु.७,९१,००,२०३/९२ रहेकोमा यो वर्ष शुरु मौज्दात रु.५,३९,६३,२७१/६१ जिम्मेवारी सारेको देखिएकोले फरक जिम्मेवारी सारेको रु.२,५१,३६,९३२/३१ को सम्बन्धमा यकिन गरी हिसाब मिलान गरेको प्रमाण पेश हुनुपर्दछ ।

२.५ **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार रु.२,१२,३६,१२६/१६ फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३,३३,५१,०६८/०६ | १,२१,१४,९४१/९० | २,१२,३६,१२६/१६ |
| विविध खर्च खाता | २४,३४,३७१/०९ | २४,३४,३७१/०९ | |
| विपद व्यवस्थापन खाता | ३,६७,६८५ | ३,६७,६८५ | |
| धरौटी मौज्दात | २२,३४,२५६/७८ | २२,३४,२५६/७८ | |
| जम्मा | ३,८३,८७,३८०/९३ | १,७१,५१,२५४/७७ | २,१२,३६,१२६/१६ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ । श्रेस्ता भन्दा बैंकमा घटी देखिएको रकम रु.२,१२,३६,१२६/१६ अनुसूची-२१ को सञ्चित कोष फिर्ता गर्नु पर्ने रकम सुत्रबाट नघटेको जानकारी प्राप्त भएको छ ।

२.६ **शसर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरणको अनुसूची २१ अनुसार आर्थिक वर्षको अन्त्यमा संघिय शसर्त अनुदान तर्फ रु.१,९४,४३,७१४/१८ र प्रदेश शसर्त अनुदान तर्फ रु.१७,९२,४११/९८ गरी जम्मा रु.२,१२,३६,१२६/१६ बाँकी रहेकोमा कार्यालयले मिति २०८०/३/३१ संघिय सञ्चित कोषमा रु.१,९९,७०,९०२/- र प्रदेश सञ्चित कोषमा रु.१८,७६,६७२/- गरी जम्मा रु.२,१८,४७,५७४/- फिर्ता गरेको देखियो ।

३ **बजेट पेश पारित र अख्तियारी -**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९/३/१० मा रु.३७ करोड २४ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९ असार २७ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०७९/३ /३० मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी तोकिएको समय भित्र प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्नुपर्दछ ।

४ **खर्च बिश्लेषण -**

गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.२१,५१,२३८/४३ राजस्व बाँडफाँटबाट रु.६,१२,२९,१२३/- र अनुदानबाट रु.३१,८६,२२,९८९/- समेत रु.३८,२०,९३,३५०/४३ आम्दानी भएकोमा चालु तर्फ रु.२६,७३,४४,५६६/४० र पूँजिगत तर्फ रु.९,३५,९५,४९१/२६ समेत रु.३६,०९,४०,०५७/६६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५९ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ५४ लाख ४२ हजार खर्च भएको छ जुन आन्तरिक आयको २५२.९९ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७४ प्रतिशत चालु र २६ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५ **योजना तथा वजेट कार्यान्वयन -**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन-

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.९ करोड ३५ लाख ९५ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.९७ लाख ६८ हजार, दोश्रो त्रैमासिकमा रु.२ करोड ८ लाख ६५ हजार, तेश्रो त्रैमासिकमा रु.६ करोड २९ लाख ६२ हजार, चौथो त्रैमासिकमा रु.९ करोड ३५ लाख ९५ हजार र असार महिनामा मात्रै रु.३ करोड ३० लाख ६ हजार खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु निर्माण परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले स्थानीय प्रशासकीय भवन समेत रु.१० करोड २५ लाख ९५ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.३८ लाख ८३ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १.०४ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिंदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

---

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च (प्रतिशतमा) |
|---|---|---|---|
| आर्थिक विकास | २,०२,५५,०००/- | १,७०,५६,९७१/- | ४.७२ |
| सामाजिक क्षेत्र | १९,२०,९०,०००/- | १७,२९,९३,२९५/८४ | ४७.९३ |
| पूर्वाधार विकास क्षेत्र | ८,२५,५४,०००/- | ५,९६,६२,९३१/३१ | १६.५३ |
| सुशासन तथा अन्तरसम्बन्धित | १,९०,४५,०००/- | १,७७,६४,०७७/- | ४.९३ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,१६,३०,०७८/८२ | ९,३४,६२,७८२/५१ | २५.८९ |
| जम्मा | ४३,५५,७४,०७८/८२ | ३६,०९,४०,०५७/६६ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबै क्षेत्रमा सन्तुलित रुपमा खर्च भएको देखिँदैन ।

---

७ **योजनाको प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन समावेशी, विकास दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार कुल १६४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका | रु.५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १६ | ४ | ११ | १ |
| २ | वडास्तरीय | १४८ | ४ | २१ | १२३ |
| जम्मा योजना | | १६४ | ८ | ३२ | १२४ |
| कार्यान्वयन नभएका योजना | | १२ | १ | १ | १० |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले तर्जुमा गरेका योजनाहरु मध्ये १२ योजनाहरु कार्यान्वयन भएको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

---

८ **बार्षिक लक्ष्य तथा प्रगति-**

कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका योजनाहरुको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकाले वार्षिक लक्ष्य तथा प्रगतिको विवरण पेश गरेको छैन । चौमासिक र बार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

---

९ **बजेट तथा कार्यक्रम तर्जुमा-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

---

१० **बजेट सीमा निर्धारण समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक

वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत- बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

---

११ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन-

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता वापत रु.१२ लाख ८० हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना ४७ कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत सम्पन्न हुने मिति, लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१४ लाख २४ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१२ लाख ९४ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री, तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क ।EMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

१२ **कर्मचारी पदपूर्ति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ जना दरबन्दी स्वीकृत रहेकोमा संघबाट समायोजन भई आएको ११ जना साविक स्थानीय निकायमा कार्यरत २० जना र करारमा १ जना गरी जम्मा ३२ जनाको पदपूर्ति भएको र ९ जना रिक्त रहेको प्राप्त विवरणबाट देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| क्र.स | स्वीकृत पद | संख्या | पदपूर्ति(आषाढ मसान्तको स्थिति) | | | रिक्त पद |
|---|---|---|---|---|---|---|
| | | | संघबाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | करारबाट | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | ० | ० | ० |
| २ | अधिकृत सातै कृषि | १ | ० | ० | ० | १ |
| ३ | अधिकृत सातै पशुपंक्षी | १ | ० | ० | ० | १ |
| ४ | अधिकृत प्रशासन छैटौं | २ | ० | २ | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ईन्जिनियर छैटौं | १ | ० | १ | ० | ० |
| ६ | शिक्षा अधिकृत छैटौं | १ | ० | १ | ० | ० |
| ७ | अधिकृत छैटौं लेखा | १ | ० | १ | ० | ० |
| ८ | जन स्वा.निरीक्षक | १ | १ | ० | ० | ० |
| ९ | सहायकस्तर पाँचौ | ६ | २ | २ | ० | २ |
| १० | सब ईन्जिनियर पाँचौ | ४ | ० | ३ | ० | १ |
| ११ | पाँचौ छैटौ पशुपंन्क्षी | २ | १ | १ | ० | ० |
| १२ | पाँचौ छैटौ पशुपंन्क्षी | २ | २ | ० | ० | ० |
| १३ | कम्प्युटर अपरेटर पाँचौ | १ | ० | १ | ० | ० |
| १४ | लेखापाल पाँचौ | १ | ० | १ | ० | ० |
| १५ | आ.ले.प. पाँचौ | १ | ० | ० | ० | १ |
| १६ | शिक्षा प्रा.स. पाँचौ | १ | ० | १ | ० | ० |
| १७ | खा.पा.स.टे. पाँचौ | १ | १ | ० | ० | ० |
| १८ | सहायकस्तर चौथो प्रशासन | ४ | ० | ४ | ० | ० |
| १९ | अ.सब ईन्जिनियर चौथो | ५ | ० | २ | १ | २ |
| २० | स.म.वि.नि.चौथो | १ | १ | ० | ० | ० |
| २१ | सहायकस्तर चौथो पशुपंन्क्षी | २ | १ | ० | ० | १ |
| २२ | सहायकस्तर चौथो कृषि | १ | १ | ० | ० | ० |
| | जम्मा | ४१ | ११ | २० | १ | ९ |

१३ **तलवी प्रतिवेदन -**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत रु.९,२५,४९,०८२/- र पालिकाका चालुतर्फ रु.२,७९,६३,६५८/- गरी रु.१२,०५,१२,७४०/- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता

ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१४ **सेवाप्रवाहको स्थिति -**
पालिकाबाट यो वर्ष जन्म दर्ता ५६२ वटा, मृत्यु दर्ता १३० वटा, बसाइँसराइ ६७५ वटा, विवाह दर्ता २१९ वटा, सम्बन्ध विच्छेद १७ वटा र ३ वटा सडक निर्माण गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग नगरेको कारण सेवा प्रवाह झन्झटिलो र ढिलो भएको देखिएको छ । सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

| क्र.स. | क्षेत्र | जम्मा |
|---|---|---|
| १ | जन्मदर्ता | ५६२ |
| २ | मृत्युदर्ता | १३० |
| ३ | बसाइसराइ दर्ता | ६७५ |
| ४ | विवाह दर्ता | २१९ |
| ५ | सम्बन्ध विच्छेद दर्ता | १७ |
| ६ | सडक निर्माण | ३ |

१५ **कल्याण कोष -**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कल्याण कोषमा कुनै रकम जम्मा गरेको देखिएन ।

१६ **ऐनको कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो। गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन। यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

१७ **न्यायिक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यसतै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाको न्यायिक समितिमा यो वर्ष बिभिन्न ६ वटा विषयमा १२ वटा मुद्दा दर्ता भई सबै फर्छयौट भएको विवरण प्राप्त भएको छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायिक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत- ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

१८ **कानून निर्माण तथा कार्यान्वयन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म वटा ऐन, वटा नियमावली र वटा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले यो वर्ष सालवसबली रुपमा ल्याइने विनियोजन ऐन र आर्थिक ऐन मात्र तयार गरेको विवरण प्राप्त भएको छ ।

१९ **अनुदानको अनुगमन -**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा मा समेत अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२० **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२१ **खरिद कारवाहीको अभिलेख -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले

बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२२ **खरिद व्यवस्थापन -**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ। यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१० करोड २५ लाख ९५ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२३ **पेश्कीको रकमको विवरण -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिका बाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२४ **धरौटी फिर्ता -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा मूअकर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मुल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

| भौ नं। मिति | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १२।०७९।१०।२४ | न्यू केशव निर्माण सेवा | ४००००० | कर समायोजन |
| १४।०७९।११।२१ | न्यू भेरी इन्जिनियरिङ्ग वर्कशप | ३५००० | कर समायोजन |
| जम्मा रु | | ४३५००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३५,००० |

## २५ आन्तरिक लेखापरीक्षण -

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउंपालिकाले यस वर्षको सवै आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।

## २६ भ्रमण खर्च -

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

•अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

•नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

•भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

•कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

•स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

## २७ राजस्व वाँडफाँट -

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा राजस्व वाँडफाँट सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले दहत्तर बहत्तर शुल्कवापत आम्दानी गरेको रु.५,४१,८३५ मा मूल्य अभिवृद्धि कर वापतको रकम रु.६२,३३५ संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने र बाँकी रु.४,७९,५०० मध्ये प्रदेशलाई ४० प्रतिशत वाँडफाँट गरी ६० प्रतिशत रकम स्थानीय सञ्चित कोषमा आम्दानी बाँध्नुपर्ने देखिएको रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १,९१,८०० |

२८ **नवीकरण शुल्क -**

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर लिएको पाइएन ।कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्मण इजाजत पत्रको विवरण अद्यावधिक राखी उक्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

२९ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३० **आयको अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३४ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।०८० मा रु.२१ लाख ५१ हजार अर्थात अनुमानको ६३.२७ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | १००००० | २३७८० | २३.७८ |
| २ | भुमिकर/मालपोत | ७००००० | ३९४९१६ | ५६.४२ |
| ३ | वहाल कर | १००००० | ११५०८९ | ११५ |
| ४ | अन्य कर | ० | २१४६६२ | १०० |
| ५ | नक्सापास दस्तुर | १००००० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ६ | व्यक्तिगत घटना दर्ता दस्तुर | ११५०००० | ३१५५६४ | २७.४४ |
| ७ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १००००० | ५५५५० | ५५.५५ |
| ८ | न्यायिक दण्ड , जरिवाना र जफत | ५०००० | ६५००० | १३० |
| ९ | अन्य राजस्व | १०००००० | ९३८९९० | ९३.९ |
| १० | व्यवसाय कर | १००००० | २७६८८ | २७.६९ |
| जम्मा | | ३४००००० | २१५१२३८ | ६३.२७ |

३१ **दायित्व दाखिला गर्न बाँकी -**

कुनै व्यक्ति तथा फर्मलाई भुक्तानी दिंदा कट्टी गरेको कर, धरौटी लगायतका दायित्वहरु समयमै सम्बन्धित खातामा दाखिला गर्नु पर्दछ । पालिकाको वित्तीय विवरणमा कट्टी गरेको दायित्व मध्ये हालसम्म देहाय अनुसारको रु.४,१४,१८६/६७ सिस्टमबाट भौचर जेनेरेट नै नगरी दाखिला गर्न बाँकी रहेको देखिन्छ । उक्त दायित्व रकम सम्बन्धित शीर्षकमा दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु.

| दायित्वको विवरण | रकम |
|---|---|
| मूल्य अभिबृद्धि कर | ३, २५ , २९१ /- |
| पारिश्रमिक कर | ३८, ३९६ /- |
| वहाल | ४५, ८६५ /- |
| सामाजिक सुरक्षा कर | ५, २३४ / ६७ |
| जम्मा | ४, १४ , ७८६ / ६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१४,७८६.६७ |

३२ **गाउँपालिका प्रशासकीय भवन निर्माण -**

मिति २०७९/३/३० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी धुलीखेल अभियान मंगलदेव जे.भी. सँग मिति २०७७/३/३१ मा रु.६,५४,५६,२९५/९५ को खरिद सम्झौता भएकोमा रु. ६८,९५,८७२/९२ को भेरियसन स्वीकृत गरी कुल सम्झौता रकम रु.७,२३,५२,१६८/५७ कायम भएको यस खरिद सम्झौतामा यस वर्ष आठौं, नवौं र अन्तिम बिल समेत रु.१,७५,८३,८९९/- भुक्तानी भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् —

३२.१ **रिटेन्सन मनी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) बमोजिम सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ्ग वा अन्य बिल वा बीजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायीको देहाय अनुसारको रनिङ्ग बिल भुक्तानी गर्दा नियमानुसार कट्टा गर्नु पर्ने भन्दा घटी रिटेन्सन मनी कट्टा गरेको देखियो । नियमानुसार नपुग रिटेन्सन मनी कट्टा गर्नु पर्ने रु.

| बिल नं. | बिल रकम | कट्टा गर्नु पर्ने धरौटी | कट्टा गरेको धरौटी | घटी धरौटी |
|---|---|---|---|---|
| आठौं | ५७५८०३८ | २८७९०२ | २५४७८० | ३३१२२ |
| नबौं | ४३१२५४६ | १९०८२१ | १६७५३१ | २३२९० |
| दशौं | १२७६१७९४ | ६३८०८९ | ४०३७१७ | २३४३७२ |
| जम्मा | २२८३२३७८ | १११६८१२ | ८२६०२८ | २९०७८४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९०,७८४ |

३२.२ **कार्य स्वीकार प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा खरिद सम्झौता सँख्या, सम्पन्न भएको निर्माण कार्यको विवरण, निर्माण कार्य सम्पन्न भएको मिति र सम्पन्न भएको निर्माण कार्य स्वीकृत भएको मिति समेत उल्लेख गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने र उक्त प्रतिवेदन तयार भएपछी सार्वजनिक निकायले आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीको लागी सम्बन्धित आर्थिक प्रशासन शाखामा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले भवन निर्माणको अन्तिम बिल भुक्तानी गरेकोमा नियमावलीले तोके बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार नगरी प्राविधिक बिलका आधारमा अन्तिम बिल भुक्तानी गरेको छ । निर्माण कार्य स्वीकार गर्दा कानून बमोजिमको कार्य स्वीकार प्रतिवेदन तयार पार्नु पर्दछ ।

३३ **बैंक जमानत बेगर अग्रिम भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० (१) बमोजिम कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्बन्धी कामको लागी सरकारी कर्मचारी बाहेक कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई पेश्कि दिँदा प्रचलित कानून बमोजिम बैंक जमानत लिनु पर्ने व्यवस्था छ । पालिकाले एम्बुलेन्स खरिदका लागी अग्नी इन्कर्पोरेटेड प्रा.लि.लाई खरिद सम्झौता बमोजिमको पूरै रकम रु.२०,१०,०५०/- अग्रिमरुपमा उपलब्ध गराएकोमा उक्त रकम पेश्की जनाएको छैन । सरकारी कर्मचारी बाहेक अन्यलाई अग्रिम भुक्तानी दिँदा भुक्तानी रकम बराबरको बैंक जमानत लिएर पेश्की जनाई दिनु पर्नेमा कार्यालयले पेश्की समेत नजनाई अग्रिम भुक्तानी दिएको देखिन्छ । बैंक जमानत नलिई र पेश्की नजनाई अग्रिम भुक्तानी दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

३४ **बढी भुक्तानी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । भौ.नं. १७९/२०८०/३/६ बाट देवस्थान आ वि को रेलिङ्ग निर्माण वापत रु.१,८८,०००/- को प्राविधिक बिल तयार भएकोमा रु.२,००,०००/- भुक्तानी गरेको देखियो । प्राविधिक बिल भन्दा रु.१२,०००/- भुक्तानी गरेकोमा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

## ३५ रितपूर्बकको कर बिजक-

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले वडा नं १, बेलपाटा स्वास्थ्य चौकी ट्रस निर्माणको बिल न्यू रोहित कन्स्ट्रक्सनलाई भुक्तानी गर्दा निम्न बमोजिम बिजक फरक परेकोले उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| बिल नं र मिति | भएको व्यहोरा | जम्मा रकम | भ्याट रकम |
|---|---|---|---|
| ५।०७९।१०।२९ | प्रिन्ट भएको सेतो बिल | १४८३२४८ | १७०६३९ |
| ०८।०७९।१२।१२ | हातले लेखेको रातो बिल | १३१५७१० | १६६६६७ |
| जम्मा | | | ३३७३०६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३७,३०६ |

## ३६ मटेला पाङ्गकोट सडक -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिलको भुक्तानी प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले मटेला पाङ्गकोट सडक स्तरोन्नती योजनाको अन्तिम भुक्तानी गर्दा माटो खन्ने कामको लागि हार्ड रक कटिङमा वढि भार दिई ७ घनमिटर वढि परिमाण उल्लेख गरी न्यु अधिकारी कन्स्ट्रक्सनलाई प्रतिघनमिटरको रु.३९० को दरले मूल्य अभिवृद्धि कर सहित वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००३ |

## ३७ वडा कार्यालय भवन तला थप -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा नियम १२१ बमोजिमको पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम अवधि सम्म म्याद थप गर्न सकिने व्यवस्था छ । पालिकाले वडा नं ३ मा वडा कार्यालय भवन तला थप निर्माण गर्न

रु.९०,००,०००/- को लागत अनुमान गरी ठेक्का नं. ०४/२०७९/८० को बोलपत्र आव्हान गरेकोमा रोहित कन्स्ट्रक्सनसँग रु.५९,००,३५२.६२ मा मिति २०८०।०३।१५ भित्र कार्य सम्पन्न गर्न मिति २०७९।०९।०५ मा सम्झौता भएको छ । हालसम्म दोस्रो रनिङ्ग बिल सम्म रु.४९,४४,०७०/- को काम गरी भुक्तानी गरेको देखियो । उक्त योजना सम्झौताको अन्तिम मिति सम्म सम्पन्न भएको नदेखिएकोले पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी सम्झौताको म्याद थप गरी थपिएको म्याद भित्र निर्माण सम्पन्न गर्नुपर्दछ ।

| |
|---|
| प्रमाण पेश नगरेको |

३८ **पाईप तथा फिटिङ्ग सामाग्री खरिद -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले भौ. नं. ५७६।०८०।३।१ बाट पाईप खरिद वापत शुभ पञ्चकोशी इन्जिनियिरङ एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा. लि. लाई रु.१,९७,११०।- भुक्तानी गरेकोमा के कति परिमाणमा वितरण भएको हो सोको पुष्टी हुने कागजात संलग्न नरहेकोले वितरण भरपाई सहितको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९७,११० |

३९ **सम्झौता अनुसार कार्य नभएको -**

उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र समपन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र निम्न उपभोक्ता समिति बीच रु.९४,५१,७१४/- को कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु.१२,८१,०४५/- को काम बाकी रहेको पाईयो । सालबसालि रुपान बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुने देखिन्छ । साथै उक्त योजनाहरुमा आ .व.२०८०/८१ मा समेत बजेट विनियोजन नभएकाले योजनाहरु अधुरै रहने देखिन्छ । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ ।

| क सं | योजना/ उपभोक्ता समिति | बाकी काम | सम्झौता रकम | बाकी कामको रकम (लागत अनुमान बमोजिम) |
|---|---|---|---|---|
| १ | सरस्वती प्रा वि रेक्चा भवन निर्माण वडा नं ३ | झ्याल, ढोका , मेटल वर्क , प्लास्टर , पनिङ , रंगरोगन | ५९८८७५७ | १०८३१३३ |
| २ | सरस्वती मा वि डुङ्गेश्वर ६ भवन निर्माण | मेटल वर्क, प्लास्टर , पनिङ , रंगरोगन | ३४६२९५७ | १९७९१२ |
| जम्मा | | | ९४५१७१४ | १२८१०४५ |

४० **मूल्य अभिवृद्धि कर कट्टी -**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । भौ.नं. ४/२०७९/६/१४ बाट शाक्य अर्डर सप्लायर्सबाट रु.४,७४,८८२/- को फर्निचर खरिद गरी भुक्तानी गरेकोमा नियमानुसार ३० प्रतिशत मूअकर रकम रु.१६,३८९/-कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,३८९ |

४१ **वढि भुक्तानी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिलको भुक्तानी प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले मुसुरीकोट र पोखरीपाटा खानेपानी टयाङ्की निर्माण वडा नं ५ को लागि उपभोक्ताको सहभागिता रु.२,६९,३१२/३९ सहित रु.१६,७९,३१२/३९ को लागत अनुमान तयार गरी सम्झौता गरेको देखियो । यसरी रु.१६,७८,९९१/६८ को कार्य सम्पन्न हुदाँ रु.१४,०९,७५१/१५ भुक्तानी हुनुपर्नेमा रु.१४,२०,९२६/- भुक्तानी भएकोले वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,१७५ |

४२ **फरक नर्म्स -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले मुसुरीकोट र पोखरीपाटा खानेपानी टयाङ्की निर्माण वडा नं ५ खानेपानी योजनाको लागि माटो पुर्ने कामको लागि ज्यामी ०.२५ राखी दर रु.१८७.५ दर निर्धारण गर्नुपर्नेमा ०.५ राखि दर रु.३७५ दर विश्लेषण गरेको देखिएकोले फरक नर्म्स प्रयोग गरी १९३.१८ घनमिटरको रु.१८७.५ को दरले वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,२२१ |

४३ **सुरक्षित नागरिक आवास कार्यक्रम -**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ३ मा लक्षित वर्गको पहिचानको आधार र दफा ४ मा लाभग्राहीको छनौटको आधार तथा विधिको व्यवस्था गरिएको छ । त्यस्तै दफा ५ मा स्थानीय तहले छनौट भएका लाभग्राहीसँग सम्झौता गरी २ किस्तामा रकम उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । पालिकाले उक्त यस वर्ष १९ घरको निर्माणको लागि प्रति घर रु.२४,३७१.११ र ३२ घर निर्माणको लागि प्रति घर रु.१,२००/- को दरले अन्तिम किस्ता वापत जम्मा रु.१०,५३,१३५/- भुक्तानी गरेको छ । अन्तिम किस्ता रकम भुक्तानी हुदाँ अघिल्लो किस्ता

भुक्तानी गरी भुक्तानी दिन बाकीको विवरण संलग्न गर्नुपर्ने उक्त विवरण पेश भएन । अन्तिम किस्तामा भुक्तानी भएकोले कार्य सम्पन्न भए नभएको सम्बन्धमा अनुगमन गरी भुक्तानीको अद्यावधिक विवरण बनाई राख्नुपर्दछ ।

४४ **उपभोक्ताको काम-**

४४.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४४.२ **निर्माण कार्यको गुणस्तर -** उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्नै, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

**उपभोक्ता समितिको बिल भरपाई -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो। नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको

देखिएन। यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

**प्राविधिक बिल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। साथै नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

---

४४.३ **आइटम वाइज योगदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ। अत- नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

**विमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अत: निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

---

४४.४ **हेभी मेसिनको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियर्यम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था छ । तर पालिकाले लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको तथा हेभी मेसिन प्रयोग गर्न सार्वजनिक निकायले सहमति समेत नदिएको अवस्थामा समेत

हेभी मेसिन प्रयोग गरी कार्य गराएको देखिन्छ । नियममा भएको व्यवस्था वेगर उपभोक्ता समिति मार्फत कार्य गरउँदा हेभी इक्युपमेन्टको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

४५ **सफ्टवेयर खरिद -**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेको छ । पालिकाले निम्नानुसार सफ्टवयेर खरिद तथा नविकरण गरी रु.१०,४२,१४०।— खर्च गरेकोमा सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । स्वीकृती लिएर मात्र खरिद गर्नुपर्दछ ।

| भौ नं।मिति | सफ्टवयेरको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २।०७९।७।२ | ई हाजिरी व्यवस्थापन | हाजिरी | ३९५५०० |
| २।०७९।६।१४ | एकिकृत कर संकलन प्रणाली | वार्षिक सपोट सेवा | ९९४४० |
| १९।०८०।१।१० | ग्रुप एस एम एस रिन्यू | नवीकरण दस्तुर | ५०००० |
| ११।०८०।२।१८ | वडा सिफारिस व्यवस्थापन | सिफारिस | २४८६०० |
| | रजिष्ट्रेशन व्यवस्थापन | रजिष्ट्रेशन | २४८६०० |
| जम्मा रु | | | १०४२१४० |

४६ **बढी ग्रेड भुक्तानी -**

कर्मचारीको ग्रेड रकम भुक्तानी गर्दा पारित तलबी प्रतिवेदन अनुसार भुक्तानी गर्नु पर्दछ । पालिकाले पारित तलवी प्रतिवेदन अनुसार तलब भत्ता भुक्तानी गर्नुपर्दछ । सिर्जना अधिकारीलाई पुष देखि चैत्र महिनासम्मको ४ ग्रेड को रु. ९,५४ का दरले रु.३,८१६ बढी भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८१६ |

४७ **सामाजिक परिचालक -**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५/च. न. ४०(२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालकका रुपमा नियुक्त नगर्ने, २०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागी कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ। स्वीकृत दरवन्दी वाहेकका अन्य कर्मचारीलाई करारमा लिने कार्य नियम सम्मत नभएकोले गाउँसभावाट निर्णय गराएर कार्य गर्न नमिल्ने अवस्था रहेको

छ। पालिकाले यस वर्ष २ जना सामाजिक परिचालकलाई मासिक रु.२२,०००/- का दरले रु.५,७२,०००/- भुक्तानी गरेको छ। सामाजिक परिचालक राख्न नपाउने व्यवस्था विपरित सामाजिक परिचालक भुक्तानी भएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,७२,००० |

४८ **गत वर्षको दायित्व -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा गाउँ सभाको निर्णय अनुसार रु.७९,०१,९८०/- भुक्तानी गरेको छ । कच्चावारी प्रमाणित गरी दायित्व भुक्तानी गर्नुपर्दछ ।

४९ **पदाधिकारी भ्रमण भत्ता -**

कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ अनुसार अनुसुचि २ को द्रस्टव्य बमोजिम सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र अनुसुचि बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका पदाधिकारीहरुलाई सरकारी कामकाजको लागि जिल्ला भित्र भ्रमण गरेको अवस्थामा दैनिक भ्रमण भत्ता वापत भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु.

| भौ नं।मिति | पदाधिकारोको नाम | पद | भ्रमण मिति | भुक्तानी रु |
|---|---|---|---|---|
| ५५४।०८०।२।२५ | विष्णु कुमारी वि क | वडा सदस्य | ०८०।१।२८-१।३१ | ५१७५ |
| ४८६।०८०।१।११ | खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य | ०७९।९।१९-९।२३ | ६५५० |
| | शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य | ०७९।९।१९-९।२३ | ६५५० |
| | सपना के सी | वडा सदस्य | ०७९।९।१९-९।२३ | ६५५० |
| | चन्द्रा वि क | कार्यपालिका सदस्य | ०७९।९।१९-९।२३ | ६५५० |
| | टिका दमाई | वडा सदस्य | ०७९।९।१९-९।२३ | ६५५० |
| | सुमित्रा कामी | वडा सदस्य | ०७९।९।१९-९।२३ | ६५५० |
| | सुन्तली कुमारी वि क | कार्यपालिका सदस्य | ०७९।९।१९-९।२३ | ६५५० |
| | कमला वि क | कार्यपालिका सदस्य | ०७९।९।१९-९।२३ | ६५५० |
| | प्रमिला सुनार | कार्यपालिका सदस्य | ०७९।९।१९-९।२३ | ६५५० |

| | | | | |
|---|---|---|---|---|
| | नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष | ०७९।९।१९-९।२३ | ६५५० |
| ४५९।०७९।१२।२६ | कलावती न्यौपाने | उपाध्यक्ष | ०७९।९।१९-९।२३ | ६५५० |
| ३०७।०७९।१०।२५ | सुन्दर कुमार के सी | अध्यक्ष | ०७९।९।२६-९।२८ | ४०५० |
| | सुन्दर कुमार के सी | | ०७९।६।२१-६।२२ | २२५० |
| | सुन्दर कुमार के सी | | ०७९।७।२-७।४ | ४०५० |
| १७६।०७९।९।६ | पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष | ०७९।८।२४-८।२७ | ५२०० |
| ९।०८०।२।२५ | विष्णु कुमारी वि क | वडा सदस्य | ०७९।९।१९-९।२३ | ६६७५ |
| जम्मा रु | | | | ९९४५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,४५० |

५० **ग्रामीण विद्युतीकरण -**

नेपाल विद्युत प्राधिकरणले जडान गरेका मिटर घरदैलोमा गई रिडिङ्ग गरेको आधारमा शुल्क उठाउदै आएकोमा पालिकाको २ वटा वडामा विद्युत रिडिङ्गका लागि पालिकाबाट २ जना कर्मचारी खटाई रु.३,५१,०००।०० खर्च गरेको देखिन्छ। पालिकाले विद्युतिकरणका लागि प्राधिकरणसँग गरेको संझौता अनुसार उक्त कर्मचारी परिचालन गरेको जनाएको छ। पालिकले प्राधिकरणसँग गरेको संझौता लेखापरीक्षणमा पेश भएन। प्राधिकरणबाट परिचालन गर्नुपर्ने कर्मचारीको खर्च पालिकाले भुक्तानी गरेको नियमसम्त देखिदैन। यस्ता संम्झौतामा परिमार्जन गरी पालिकाले व्ययभार घटाउनेतर्फ पालिकाले पहल गर्नुपर्दछ।

५१ **गाडी भाडा ईन्धन तथा मर्मत -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले यो वर्ष सम्बन्धित शिर्षकमा बजेट विनियोजन गरी गाडी भाडामा रु.१,५२,२००।- , ईन्धनमा रु.२४,५६,२४३।- र मर्मतमा रु.९,९९,६०२।— खर्च गरेको छ । कन्टिन्जेन्सी बाट समेत यि शिर्षकमा खर्च गरेको देखिन्छ। पालिकालाई अत्यावश्यक पर्ने क्षेत्रमा मात्र यस्ता खर्च गर्नुपर्नेमा आवश्यकताको पहिचान समेत नगरी गरीने यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।

५२ **स्थानीय तहका पदाधिकारी सुविधा -**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा

सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.५४ लाख ४२ हजार ८ सय सुविधा वापत भुक्तानी भएको छ ।

## ५३ शिर्षक फरक पारी खर्च लेखेको -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ। निम्न गोश्वारा भौचरबाट शिर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च रकम नियमित सम्मत नदेखिएको रु.

| भौ नं।मिति | खर्च शीर्षक | हुनुपर्ने शीर्षक | भुक्तानी रु |
|---|---|---|---|
| ६२७।०८०।३।१४ | गाउँ सभा संचालन खर्च | भ्रमण खर्च | २२१०० |
| ६३५।०८०।३।१७ | इन्धन पदाधिकारी | इन्धन कर्मचारी | ७५२५० |
| ४५१।०७९।१२।२२ | अन्य भ्रमण खर्च | घरभाडा | १४००० |
| जम्मा रु | | | १११३५० |

| अनियमित भएको | १,११,३५० |
|---|---|

## ५४ करार कर्मचारी -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.५५,००,०००।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गरेकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## ५५ पदाधिकारी संचार -

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ मा पदाधिकारीले अनुसुची १ मा तोकिएबमोजिम संचार सुविधा पाउने उल्लेख गरेको छ । साथै सोहि ऐनको दफा १५(२) मा सो ऐनले व्यवस्था गरेको भन्दा बाहेक अन्य कुनै सुविधा नदिने उल्लेख छ ।पालिकाले वडा नं २ का वडा अध्यक्ष यम बहादुर विष्ट लाई संचार खर्च वापत भौ नं ३७२ मिति २०७९।११।१८ बाट रु.५,५००।- भुक्तानी गरेको देखिएकोले दोहोरो संचार खर्च भुक्तानी भएको असूल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ५,५०० |
|---|---|

५६ **खर्च मितव्ययिता -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाले मर्मत सम्भार कोष अन्तर्गत सडक सरसफाई कार्यकर्ता लाई ६ महिना कार्य गरे वापत प्रत्येक वडा मा रु.१ लाख ८३ हजारका दरले जम्मा रु.११ लाख भुक्तानी गरेको देखिएकोले आर्थिक व्ययभार बढ्न गएको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५७ **आर्थिक सहायता -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले नगर प्रमुखको तोक आदेश अनुसार यस वर्ष रु.५ लाख आर्थिक सहायता वितरण गरेको छ ।पालिकाले आर्थिक सहायता सम्बन्धी कानून/निर्देशिका बनाई मितव्ययी हुने गरी आर्थिक सहायता व्यवस्थित गर्नुपर्दछ।

५८ **पदाधिकारी इन्धन -**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ मा पदाधिकारीले अनुसुची १ मा तोकिएबमोजिम ईन्धन सुविधा पाउने उल्लेख गरेको छ । पालिकाले भौ नं ३७२ मिति २०७९।११।१८ बाट वडा अध्यक्ष यम बहादुर विष्ट लाई श्रावण देखि कार्तिक सम्म जम्मा ८२ लिटर ईन्धन वापत भुक्तानी गरिएकोमा बढी भुक्तानी रु.४,४००/- सम्बन्धित बाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४०० |

५९ **समानीकरण अनुदानबाट तलब भत्ता -**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १,७५,५०,१५२।- तलब भत्ता भुक्तानी गरेको पाईयो । अनुदान रकमबाट तलव भत्ता भुक्तानी हुने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

६० **अनुदानको अनुगमन -**

पालिकाले वडा नं ४ को माइका थान भैंसीपालन समूहलाई राँगो खरिद वापत रु.९५,०००।- भुक्तानी गरेकोमा उक्त समुह दर्ता नभएको, राँगाको विमा नगराएको, समुहको लागत सहभागिता समेत न्युन रहेको तथा हाल सो समुहको भैंसीपालनको अवस्थाको सम्बन्धमा अनुगमन समेत नभएकोले सो अनुदान उपलब्धिमुलक भए नभएको यकिन गर्न सकिएन । सो सम्बन्धमा कार्यालयले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,००० |

६१ **औषधी खरिद -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष रु.२२ लाख ७५ हजारको औषधी खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधी कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।

तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६२ **शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | प्राथमिक | ६४ | ६४ | ५ | १६५४ |
| २ | निम्नमाध्यामिक | १० | १० | १ | ४८७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | माध्यमिक | १६ | १६ | २ | ५९० |
| ४ | उमावि तथा प्रशिक्षक | ८ | ८ | २ | ५४३ |
| | जम्मा | ९८ | ९८ | १० | ३२७४ |

अतः शिक्षा ऐन तथा नियमावली लगायत कानूनले तोके अनुसार विद्यार्थी शिक्षक अनुपात मिलान गरी दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्दछ ।

---

६३ **विद्यालयको अनुगमन नियमन व्यवस्था -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय मापदन्ड सम्बन्धि मापदन्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

---

६४ **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान -**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान दिन सकिने व्यवस्था रहेको छ। जसमा कक्षा १-५ लाई प्रति विद्यालय वार्षिक रु.१५ हजार दिन सकिने व्यवस्था रहेको छ। पालिकाले सरस्वती प्राथमिक विद्यालयलाई रु.३० हजार निकासा गरेकोमा बढी निकासा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

---

६५ **स्यानिटरी प्याड -**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड मासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका १२३५ जना छात्राहरु रहेका छन। पालिकाले सहारा सप्लायर्स बाट २७ हजार ५ सय २२ थान स्यानिटरी प्याड रु. १२,३१,५००/- (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले खरिद गरेको प्याड एकमुष्ट रुपमा २६ हजार ९ सय २८ थान विद्यालयहरुमा वितरण गरेको छ भने ५ सय २४ थान भन्डारमा रहेको छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

---

६६ **बढी ग्रेड /तलब भुक्तानी -**

निजामती कर्मचारीको ग्रेड रकम भुक्तानी गर्दा पारित तलवी प्रतिवेदनमा उल्लेख भए अनुसार भुक्तानी गर्नु पर्दछ । पालिकाले स्वास्थ्य तर्फका देहायका कर्मचारीहरुको स्तरवृद्धि हुँदा साविकको पदको ग्रेड समेतको तलब र स्तरबृद्धि भए पछीको तहको तलब समेत भुक्तानी भएकाले बढी भुक्तानी भएको रु.२,०७,१७८/- ग्रेड रकम असुल हुनुपर्ने रु.

| क्र.स | नाम | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी | संञ्चयकोष समेतअसुल हुनुपर्ने रकम रु. |
|---|---|---|---|---|---|
| १ | एलिना देवकोटा | १५७८५ | ५७५८५ | ४१८०० | ४५९८० |
| २ | तुलसा कुमारी वली | १५७८५ | ५७५८५ | ४१८०० | ४५९८० |
| ३ | लक्ष्मी कुमारी थापा | १५७८५ | ५७५८५ | ४१८०० | ४५९८० |
| ४ | विनिता न्यौपाने | ९०२० | ३११०६ | २२०८६ | २४२९५ |
| ५ | सरल विश्वकर्मा | ९०२० | २७७९२ | १८७७२ | २०६४९ |
| ६ | कल्पना शाही | ९०२० | ३११०६ | २२०८६ | २४२९५ |
| जम्मा | | ७४४१५ | २६२७५९ | १८८३४४ | २०७१७८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०७,१७९ |

६७ **संघीय विशेष अनुदान -**

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ८ मा विशेष अनुदान खर्च गर्दा जुन आयोजना/ कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/ कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा ९ मा तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/ कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ४ मा सिता मा. वि. भवन निर्माण कार्यको लागि रु.८०,००,०००/- बजेट विनियोजन गरेकोमा पालिकाले रु.७९,९८,८५०/- को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा न्यून कबोल गर्ने सक्षम निर्माण सेवासँग मिति २०८०।०३।१५ भित्र काम सम्पन्न गर्ने गरी रु.५५,७८,१५६.२९ को खरिद सम्झौता भएको छ । पालिकाले हालसम्म उक्त योजनाको लागि रु.३५,४२,४१५/- भुक्तानी गरेकोमा म्याद थप गरी कार्य संचालनमा रहेको देखियो । पालिकाले विशेष अनुदानबाट प्राप्त रकम उक्त योजनाको लागि भएको खर्च रु.३५,४२,४१५/- मा कन्टिन्जेन्सी वापत ४ प्रतिशत वा रु.३,२०,०००/- सहित रु.३८,६२,४१५/- खर्च गर्नुपर्नेमा पालिकाको सुत्रको कार्यक्रम खर्च विवरण (म.ले.प. फा.नं. २०७) मा हेर्दा संघिय विशेष अनुदान शिर्षकमा कुल रु.५४,२६,०७१/- खर्च भएको देखिएकोले तोकिएको योजना भन्दा अन्य कार्यमा रु. १५,६३,६५६/- खर्च गरेको देखिन्छ । विशेष अनुदानको रकम तोकिएको कार्यक्रम भन्दा अन्य काममा खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,६३,६५६ |

६८ **मर्मत कोष -**

संघिय विशेष कोषबाट कलैना दैलेख मन्दिर निर्माण गर्ने योजनको लागि रु.८,००,०००/- बजेट विनियोजन भएकोमा पालिकाले रु.१,५८,१७४/- उपभोक्ताको योगदान समेत रु.९,१०,१७४/-को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग खरिद सम्झौता गरेकोमा रु.९,०८,५५७/- को कार्य सम्पन्न गरी रु.७,५०,६५०/- भुक्तानी गरेको छ । पालिकाले १ प्रतिशत मर्मतकोष र ५ प्रतिशत कन्टिन्जेन्सी कट्टा गर्ने उल्लेख गरेकोमा मर्मतकोष सहितको रकम कन्टिन्जेन्सी वापत खर्च लेखेको छ । यसरी योजना लागत, मर्मत कन्टिन्जेन्सी सहित रु.७,८२,६५०/- खर्च लेख्नुपर्नेमा योजना र अन्य शिर्षकमा गरी पुरै विनियोजित बजेट रु.८,००,०००/- खर्च लेखेकोले वढी रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,३५० |

६९ **वढि भुक्तानी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिलको भुक्तानी प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले पिपल चौतारा मा. वि. चारकोठे भवन निर्माण वडा नं. ५ को लागि उपभोक्ताको सहभागिता रु.११,९१,०१३.५७ समेत रु.६१,९१,०१३.५७ को लागत अनुमान तयार गरी सम्झौता गरेको छ । उपभोक्ता समितिबाट रु.६१,८९,३१५.४४ को कार्य सम्पन्न पेश भएकोमा पालिकाबाट रु.४९,९८,६२८.९७ मात्र भुक्तानी हुनुपर्नेमा रु.५०,०८,०७४/- भुक्तानी भएकोले वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,४४५ |

७० **प्रदेश समपुरक अनुदान -**

कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ९ (१क) मा समपूरक अनुदानबाट उपलब्ध भएको बजेटबाट सञ्चालन हुने आयोजनाको सम्झौता भए पछि त्यस्तो आयोजनाको लागि विनियोजन भएको रकम वढि भएमा सो रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा १० मा जुन योजनाको लागि अनुदान प्राप्त भएको हो सोहि योजनाको लागि मात्र खर्च गर्नुपर्न तथा मर्मत सम्भार, मसलन्द लगायतका प्रशासनिक खर्चमा खर्च नपाईने व्यवस्था छ । पालिकाले प्रदेशबाट प्राप्त निम्न योजनामा सम्झौता बमोजिम पालिकाको अंश र कन्टिजेन्सी सहित खर्च गर्नुपर्ने भन्दा वढि रकम खर्च गरेको छ । समपुरक अनुदान कार्यविधीले तोकेको भन्दा अन्य कार्यमा खर्च गरेको उक्त रकम नियमसम्मत नदेखिएको रु.

| योजनाको नाम | सम्झौता रकम | हाल सम्म भुक्तानी रकम | प्रदेश सरकारको साझेदारी | कन्टिन्जेन्सी | प्रदेश विनियोजनबाट खर्च हुनुपर्ने | खर्च भएको | वढि खर्च |
|---|---|---|---|---|---|---|---|
| कल्सेडुंगा बाले सडक | ५१५६१७१ | १३४९६७६ | ६७४८३८ | २०६२४७ | ८८१०८५ | १२३६७४३ | ३५५६५८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| निर्माण वडा नं ३ | | | | | | | |
| मटेला पाङ्गकोट सडक स्तरोन्नती योजना | ६०२०१९३ | ६०१६४०४ | ३००८२०२ | २४०८०८ | ३२४९०१० | ३६०३६४८ | ३५४६३८ |
| जम्मा | ११९७६३६४ | ७३६६०८० | ३६८३०४० | ४४७०५५ | ४१३००९५ | ४८४०३९१ | ७१०२९६ |

| | |
|---|---|
| अनियमित भएको | ७,१०,२९६ |

७१ **कल्सेढुंगा बाले सडक निर्माण योजना-**

कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ५ मा प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा कूल लागतको पचास प्रतिशत सम्म प्रदेश सरकारले र बाँकी सम्बन्धित स्थानीय तहबाट स्रोत जुटाउनुपर्ने व्यवस्था छ । पालिकाले उक्त व्यवस्था बमोजिम कल्सेढुंगा बाले सडक निर्माण योजनाको दोस्रो रनिङ बिल भुक्तानी गर्दा विल रकम रु.४,२४,३५०/- को ५० प्रतिशत रकम रु.२,१२,१७५/- आफ्नो स्रोतबाट खर्च लेख्नुपर्नेमा पूरै रकम प्रदेश सरकारको अनुदानबाट खर्च लेखेकोले वढी भुक्तानी भएको प्रदेश समपुरक अनुदानको रकम पालिकाले प्रदेश संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१२,१७५ |

७२ **किसान सुचिकरण कार्यक्रम -**

किसान सुचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को अनुसुची-५ अन्तर्गत कृषक दर्ता व्यवस्थापन कार्यक्रमको लागि विनियोजित सशर्त अनुदान खर्च गर्ने आधारमा वडा समितिको बैठक व्यवस्थापनमा वढीमा २० प्रतिशत, सूचना प्रवाह एवं प्रचार प्रसारमा वढीमा २० प्रतिशत तथा बाँकि घुम्ती शिविर संचालन तथा परिचालकहरु परिचालनमा खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष देहायको कार्य गरे वापत रु.२,०३,४००/- खर्च गरेको छ । पालिकाले गत विगत वर्षमा प्रविष्ट भएका कृषकहरुको विवरण समेत अद्यावधिक हुने गरी कृषक सूचीकरण गर्नु पर्दछ । विगत वर्षहरुमा सूचिकरण भएका कृषकहरुको नामावली दोहोरो नपर्ने गरी सूचिकरण गर्नु पर्दछ ।

| क सं | शिर्षक | रकम रु |
|---|---|---|
| १ | गणक टोप बहादुर थापालाई ६०० जनाको विवरण प्रविष्टि गरेवापत रु.७५ को दरले भुक्तानी | ४५००० |
| २ | १२०० विवरण प्रमाणिकरण गरे वापत रु.३० को दरले भुक्तानी | ३६००० |

| | | |
|---|---|---|
| ३ | वडा नं १ देखि ६ सम्म तथा पालिकामा बैठक संचालन वापत बैठक भत्ता र खाजा खर्च वापत रु. | १२२४०० |
| जम्मा | | २०३४०० |

७३ **जनशक्तिको प्रयोग -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । डी.पी.आर तथा विशेष महत्वको योजना गाउँपालिकाको प्राविधिक जनशक्ति बाट तयार गराउनुपर्दछ । पालिकाले GIS Based Supply, Sanitation and Hygiene (Wash Plan) वास प्लान बनाउन एभरेष्ट क्लबसँग रु.५,४८,८७३।- को सम्झौता गरे पनि एभरेष्ट क्लबले गणकको रुपमा पालिकाकै प्राविधिक जनशक्ति नियुक्त गरी दैनिक पारिश्रमिक दिएको देखियो । यसरी पालिकाकै कर्मचारीबाट हुन सक्ने काम बाह्य संस्थामार्फत गराउँदा आर्थिक व्ययभार बढ्न गएको देखिन्छ । तसर्थ यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७४ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले २४९५ जना बेरोजगार सूचीकृत रहेको जनाएतापनि बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, पोखरी, कुवा नाला, गोरेटो तथा मोटर बाटो, पर्खाल, भवन निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १५० जनालाई रोजगारी उपलव्ध गराई रु.१,१७,७०,८००/- खर्च गरेको छ । लक्षित वर्गलाई औषत १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना र सूचीकृतको बैकल्पिक उपयोग मार्फत रोजगार श्रृजना भएको देखिंदैन । यसमा सुधार गर्नुपर्दछ ।

७५ **विरुवा खरिद तथा वितरण कार्यक्रम -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौ. नं. २९/२०८०।३।२४ बाट निम्नानुसार का घाँसको विरुवा खरिद गरेकोमा वडा नं २ को ३० जनाको बुझेको भरपाई संलग्न नरहेकोले भरपाई पेश गर्नुपर्ने रु.

| क्र.सं. | विवरण | परिमाण (वटा) | भुक्तानी रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सुपर नेपियर | ७७५ | ३८७५ |
| २ | किम्बु | ५२५ | ६३०० |
| ३ | रेड नेपियर | ३७० | ३७०० |
| जम्मा रु | | | १३८७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,८७५ |

७६ **सामाजिक सुरक्षा -**

७६.१ **रकम फिर्ता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(२) मा स्थानीय तहबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम तोकिएको आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्त्यमा सो रकम संघिय संचित कोष दाखिला गर्नु पर्ने व्यवस्था छ । यस गाउंपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ताको लागि जम्मा रु. ७,२७,४९,६३५।- निकासा भएकोमा रु.७,२४,६४,४९३।- बैंक मार्फत वितरण गरेको विवरण प्राप्त भएको छ। बाँकी रकम रु.४,३३,१९८।- गाउँपालिकाले मिति मा संचित कोषमा फिर्ता गरेको छ ।

७६.२ **विवरण अध्यावधिक -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउंपालिकाले समवन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ ।

७६.३ **लगत कट्टा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले समयमा यस्ता घटनाको अद्यावधिक अभिलेख नराखेका कारण त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन।

७६.४ **सार्वजनिक सुनुवाई र अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ। पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन

संयत्रलाई प्रभावकारी बनाउँदै बनाउनुपर्दछ। साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

---

७६.५ **पारदर्शिता कामय गर्ने -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा-३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ। पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन ।

---

७७ **मुख्यमन्त्री रोजगार कार्यक्रम -**

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा ५ वटा योजना सञ्चालनमा रु.७३ लाख २ हजार खर्च हुनुको साथै ४० जनाले रोजगारी प्राप्त गरेका छन । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

---

७७.१ **सार्वजनिक लेखापरीक्षण -** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

---

७७.२ **आयोजनाको अनुगमन -**मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ बमोजिम आयोजनाको कम्तिमा दुई पटक अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको दुई पटक अनुगमन भएको छैन । कार्यविधिले तोके बमोजिम कम्तिमा दुई पटक अनुगमन गर्नुपर्दछ ।

---

७७.३ **जिन्सी सामग्री -** मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमा प्रयोग भएका जिन्सी मालसामानहरु आयोजना समाप्ति पश्चात पालिकामा दाखिला गर्नुपर्दछ । पालिका अन्तर्गत सञ्चालित केहि आयोजनाको परीक्षण गर्दा आयोजनामा प्रयोग भएका जिन्सी सामग्रि पालिकामा दाखिला भएको देखिदैन । तसर्थ आयोजनाको समाप्ति पश्चात प्रयोग भएका जिन्सी मालसामान पालिकामा दाखिला गर्नुपर्दछ ।

---

७८ **पेश्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा निर्माण व्यवसायीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई बाँकी रहेको देखिन्छ । फर्छ्यौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| मिति | पेश्की लिनेको नाम | प्रयोजन | पेश्की बाँकी |
|---|---|---|---|
| गाउँपालिका पुँजीगत | | | |
| २०७९/१२/२० | सत्यवती निर्माण सेवा | समपुरक कोष (साझेदारी) | २७०००० |
| २०७९/११/१९ | श्री पिपल चौतारा माध्यमिक बिद्यालय | पीपलचौतारा मा.वि. घेराबार | ८२५०० |
| २०८०/०१/११ | छाना रेक्चा खानेपानी तथा सरसफाई योजना | समपुरक कोष (साझेदारी) | ३५७८८३ |
| जम्मा | | | ७१०३८३ |
| गाउँपालिका चालु | | | |
| २०८०/०३/०६ | भक्त बहादुर कार्की | एकल पुरुष र महिला भत्ता | १३५०० |
| जम्मा | | | १३५०० |
| कुल जम्मा | | | ७२३८८३ |

| | |
|---|---|
| पेश्की | ७,२३,८८३ |

७९ **विपद व्यवस्थापन -**

**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

**कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

**विपद् व्यवस्थापन कोष -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले यस बर्ष विपिद व्यवस्थापन कोषमा रु. ६ लाख ५ हजार आम्दानी बाँधेकोमा रु.२ लाख ४० हजार खर्च गरेको देखिन्छ । मापदण्ड बनाएर मात्र खर्च गर्नुपर्दछ ।

**वार्षिक प्रतिवेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

---

८० **सूचना प्रविधि पद्धति -**

सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा पालिकाले निम्न अनुसारका कार्य गरेको छैनः

• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,

• सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र मलेप फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख मलेप फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।

---

८१ **एकल पुरुष र महिला भत्ता -**

पालिकाको असहाय एकल पुरुषलाई सामाजिक सुरक्षा वापत भत्ता वितरण कार्यविधि, २०७७ मा **५५** वर्ष माथिका असहाय एकल पुरुष र ४५ वर्ष माथिका एकल महिलालाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था गरेको छ । पालिकाले **५५** वर्ष भन्दा माथिका एकल पुरुष र ४५ वर्ष माथिका एकल महिलालाई भत्ता वितरण गरेको देखिन्छ । पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा यस्तो किसिमको वितरणमुखी कार्य दीर्घकालीन रुपमा पालिकाको लागि प्रतिफलयुक्त हुने देखिँदैन । आन्तरिक आम्दानी न्यून रहेको तथा थप आम्दानी समेत सिर्जना नहुने कार्यमा एकल पुरुष भत्ता वापत रु.५,७२,०००।- खर्च गरेकोले आर्थिक भार सिर्जना भएको छ । नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने उमेर पुगेका निम्नलिखित ६८ वर्ष माथीका ज्येष्ठ नागरिकलाई समेत एकल पुरुष भत्ता उपलब्ध गराएको हुँदा निजहरुले दोहोरो भत्ता भुक्तानी लिएको देखिन्छ । दोहोरो भुक्तानी भएको उक्त रकम असुल हुनु पर्ने रु.

| भौ नं।मिति | वडा नं | नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३०४।०७९।१०।२४ | २ | कर्ण बहादुर थापा | १००० | ६८ वर्ष कटेको |
| | २ | बिनोद कुमार थापा | १००० | ६८ वर्ष कटेको |
| | २ | घन बहादुर बिष्ट | ५५०० | वडा सिफारिसमा नाम नरहेको |
| ३५३।०७९।११।१० | ५ | तिलक प्रसाद जैसी | १००० | ६८ वर्ष कटेको |
| ३५९।०७९।११।१२ | ६ | रत्न बहादुर बुढा | ३००० | ६८ वर्ष कटेको |
| जम्मा रु | | | ११५०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५०० |

८२ **बिल भरपाई वेगर भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न बमोजिमको भुक्तानी गर्दा विल भरपाई संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| भौ नं।मिति | विवरण | जम्मा भुक्तानी | कैफियत |
|---|---|---|---|
| ५७४।०८०।३।१ | मसलन्द सामाग्री | १९०२४ | बिल भन्दा बढी भुक्तानी |
| ४८७।०८०।१।११ | पेश्की फस्यौंट | ११८१० | बिल संलग्न नरहेको |
| ४५७।०७९।१२।२६ | सामाग्री खरिद | २००००० | वितरण गरेको नखुलेको |
| २०।०७९।६।११ | कार्यक्रम संचालन | ६२७१५ | प्रमाण पेश गर्नुपर्ने |
| ९।०७९।९।३० | च्याउ तथा प्लाष्टिक | ८९७६० | वितरण भरपाई नरहेको |
| जम्मा रु | | ३८३३०९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८३,३०९ |

८३ **मूल्य अभिवृद्धि कर -**

मूल्य अभिबृद्धि कर नियमावली, २०५३ मा २०७६।२।१५ मा भएको एक्काइसौं संशोधनबाट थप भएको नियम ६ग मा ठेक्का वा करारअन्तर्गत वस्तु वा सेवा आपूर्तिबापतको मुल्य अभिवृद्धि कर भुक्तानी गर्दा मू.अ.कर रकमको ३०

प्रतिशत कार्यालयबाट कट्टा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भुक्तानी गर्दा ३० प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु.१,०८,२७४/- कट्टा गरी दाखिला नगरेको हुँदा निज फरुमहरुबाट मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| भौ नं।मिति | फर्मको नाम | बिल रकम | मू अ कर रकम | समायोजन गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ६८०।०८०।३।२४ | रिसिलेन्ट डिजाइन एण्ड बिल्डर्स प्रा लि | ७१६३०७ | ८२४०७ | २४७२२ |
| ५७६।०८०।३।१ | शुभ पञ्चकोशी इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा लि | १९७१९० | २२६८५ | ६८०५ |
| २४८।०८०।१।१० | साहारा सप्लायर्स | १२३१५५४ | १४१६८३ | ४२५०५ |
| ११।०८०।२।१८ | निर्माण सेड्यूल प्रा लि काठमाण्डौ | ४९७२०० | ५७२०० | १७१६० |
| २।०७९।६।१४ | सफ टेक इन्फोसिस प्रा लि | ९९४४० | ११४४० | ३४३२ |
| २।०७९।७।२ | एमफेसिस टेक फाउन्डेशन प्रा लि | ३९५००० | ४५५०० | १३६५० |
| जम्मा रु | | | | १०८२७४ |

| प्रमाण पेश नगरेको | १,०८,२७४ |
|---|---|

८४ **भुक्तानीमा कर -**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भुक्तानीमा कर कट्टी नगरी भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु.

| भौ नं।मिति | खर्च शीर्षक | करको किसिम | बिल रकम | कर |
|---|---|---|---|---|
| ६८५।०८०।३।२४ | गाउँ सभा संचालन खर्च | अग्रिम कर | ७७००० | ११५५ |
| ५४६।०८०।२।१७ | सिपमुलक तालिम | पारिश्रमिक कर | १८००० | २७०० |
| ३६५।०७९।११।१७ | वडा नं ३ बैठक | पारिश्रमिक कर | ७२००० | १०८०० |
| | | अग्रिम कर | १४४००० | २१६० |
| ३६०।०७९।११।१२ | वडा नं ६ बैठक तथा व्यवस्थापन | पारिश्रमिक कर | ७२००० | १०८०० |
| | | अग्रिम कर | १२८००० | १९२० |

| | | | | |
|---|---|---|---|---|
| ७५।०७९।६।३१ | गाडी भाडा | बहाल कर | १९५०० | १४६३ |
| ३०।०८०।३।२४ | तरकारी खेती सम्बन्धी तालिम | पारिश्रमिक कर | २४००० | ३६०० |
| | | अग्रिम कर | १५३००० | १८८० |
| जम्मा रु | | | | ३६४७८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,४७८ |

८५ **पारिश्रमिक कर -**

आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार प्राप्त आयमा अनुसूची १ बमोजिमको दरमा पारिश्रिमक कर कट्टि गरी दाखिला गर्नुपर्दछ। पालिकाले देहायका कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी गर्दा नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टा गरेको देखिएन । नियमानुसारको पारिश्रमिक कर असुल गरी दाखिला गर्नुपर्ने रु.

| कर्मचारीको नामथर | पद | महिना | दर | असूल गर्नुपर्ने कर |
|---|---|---|---|---|
| कमल राज विष्ट | सब ईन्जिनियर | माघ-असार | ८००० | ६७२० |
| राधा कुमारी वोहरा | सब ईन्जिनियर | माघ-असार | ८००० | ६७२० |
| शान्ति न्यौपाने | सब ईन्जिनियर | माघ-असार | ८००० | ६७२० |
| गगन बहादुर थापा | सब ईन्जिनियर | माघ-असार | ८००० | ६७२० |
| जम्मा रु | | | | २६८८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,८८० |

८६ **पारिश्रमिक कर -**

आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारबाट प्राप्त आयमा अनुसूची १ बमोजिमको दरमा पारिश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीको वार्षिक आयमा नियमानुसार कट्टा गर्नु पर्ने पारिश्रमिक कर कट्टा गरेको देखिएन । नियमानुसार लाग्ने पारिश्रमिक कर असुल गरी दाखिला हुनुपर्ने रु.

| क्र.स | नाम | वार्षिक आय | करयोग्य आय | कर रकम |
|---|---|---|---|---|
| १ | दल बहादुर नेपाली | ९९८५६५ | ८०२८९८ | ५१४५ |
| २ | राम प्रसाद न्यौपाने | ९९८५६५ | ६५८५६५ | ४८८० |
| ३ | बाल कृष्ण विष्ट | ८९९५०९ | ६५०५९७ | ४२१५ |

| | | | | |
|---|---|---|---|---|
| ४ | लक्ष्मण खत्री | ८९९५०९ | ६५०५९७ | ४२१५ |
| जम्मा | | ३७९६१४८ | २७६२६५७ | १८४५५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,४५५ |

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

**आर्थिक बर्ष- २०७९/८०**

**कार्यालय र स्थान** - डुङ्गेश्वर गाउँपालिका, दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रेम वहादुर डि सी | २०७८-१२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | टंक बहादुर कार्कि | २०७७-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण-**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७३०,०२७ | २,९५७,३०२ | २,४८३,६३३.६७ | ० | ० | ७२३,८८३ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,८९४,८४५.६७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६,८९४,८४५.६७ |

**स्थानीय तह-**

| | |
|---|---|
| **गत बर्षको जिम्मेवारी** | ५३९६३२७२ |

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| संघीय सरकारबाट अनुदान | २८४९५८०७५ | चालु खर्च | २६७३४४५६६.४ |
| प्रदेश सरकारबाट अनुदान | ३३६६४९१४ | पूँजीगत खर्च | ९३५९५४९१.२६ |
| राजश्व बाँडफाँट | ६१२२९१२३ | वित्तीय/अन्य व्यवस्था | ९८५४३४७५.९४ |
| आन्तरिक आय | २१५१२३८.४३ | | |
| अन्य आय | १०४५९२१९८.१७ | | |
| कुल आय | ४८६५९५५४८.६ | कुल खर्च | ४५९४८३५३३.६ |
| बाँकी मौज्दात | | ८१०७५२८७ | |